महालक्ष्मी नगरपालिकाको चौमासिक प्रकाशन

# महालक्ष्मी सन्देश

वर्ष ३, अंक ४, फागुन २०७६




"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"

"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# NOVEL CORONA VIRUS(nCOV)
## सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने



यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसंग परामर्श लिने



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने



जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने



पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने



### लक्षणहरू



रुघा र खोकी



ज्वरो
(१००.४ °F भन्दा माथि)



श्वास प्रश्वासमा आत्याधिक समस्या

### प्राय:सोधिने प्रश्नहरू

**नोवेल कोरोना भाइरस भनेको के हो?**

यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**

नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**

सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**

मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाललाई यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**

अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**

सामान्यतय: यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा यकिन जानकारी छैन। तथापि: रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"*

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**महालक्ष्मी नगरपालिका**
**स्वास्थ्य शाखा**
**ललितपुर**
**बागमती प्रदेश, नेपाल**

**सम्पादक मण्डल**

संरक्षकः
श्री रामेश्वर श्रेष्ठ
नगर प्रमुख
श्री निर्मला थापा
नगर उपप्रमुख

सल्लाहकारहरुः
श्री नन्द कुमार न्यौपाने
वडा अध्यक्ष (वडा नं. १)
श्री राम बहादुर के.सी. सुवेदी
वडा अध्यक्ष (वडा नं. २)
श्री कुबेर के.सी.
वडा अध्यक्ष (वडा नं. ३)
श्री लक्ष्मण रोक्का
वडा अध्यक्ष (वडा नं. ४)
श्री राजकुमार सिल्वाल
वडा अध्यक्ष (वडा नं. ५)
श्री बासुदेव महर्जन
वडा अध्यक्ष (वडा नं. ६)
श्री नकुल थापा
वडा अध्यक्ष (वडा नं. ७)
श्री विश्वराज श्रेष्ठ
वडा अध्यक्ष (वडा नं. ८)
श्री बासुदेव शर्मा गौतम
वडा अध्यक्ष (वडा नं. ९)
श्री बलराम लामा
वडा अध्यक्ष (वडा नं. १०)

प्रधान सम्पादकः
श्री लक्ष्मी प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सम्पादकः
श्री रामवन्धु सुवेदी
प्रमुख शिक्षा अधिकृत
श्री उर्मिला ढकाल
अधिकृत

डिजाईनिङः
श्री सन्तोष पोखरल
सूचना प्रविधि अधिकृत

सहयोगीहरुः
श्री अभिषेक घिमिरे
श्री सन्जु मैनाली

प्रिन्टिङः
गेटवे प्रिन्टर्स एण्ड डिजाईनर्स प्रा.लि.
विजुलीबजार, काठमाडौं

# सम्पादकीय

महालक्ष्मी नगरपालिका स्थापनाकालदेखि **"स्वच्छ, सफा, समृद्ध, सुन्दर महालक्ष्मी नगर"** को आदर्श लक्ष्यमा दत्तचित्त रहँदै आइरहेको छ । नगरको समग्र विकास निर्माणमा तीव्रता प्रदान, सरसफाइ, शिक्षा र स्वास्थ्यका क्षेत्रमा रुपान्तरण, सुशासनको संस्थागत विकास मार्फत प्रभावकारी सेवा प्रवाह गरी नगरवासीको उच्चतम सन्तुष्टि र विश्वास आर्जन गर्ने दिशामा नगरपलिका अब्बल रहँदै आएको छ । सुशासन र आर्थिक सामाजिक विकासका लागि शासनमा  नागरिक सहभागिता, पारदर्शिता एवं जवाफदेहिता प्राथमिक सर्त भएकाले नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु र हासिल भएका उपलब्धिहरुको चौमासिक रुपमा प्रकाशन गरी नागरिकहरुलाई सुसूचित  गर्ने क्रममा आ.व. २०७६/७७ को प्रथम चौमासिकमा शाखागत र विषयगत रुपमा भए गरेका प्रगतिगहरुको विवरणहरुको प्रस्तुत यस बुलेटिनमा गरिएको छ ।

प्रस्तुत बुलेटिन प्रकाशनमा संलग्न कर्मचारीहरुप्रति सम्पादक मण्डल हार्दिक धन्यवाद व्यक्त गर्दछ । समयमै शाखागत प्रगति विवरण सम्प्रेषणका लागि सबै शाखाहरुलाई समेत हार्दिक धन्यवाद दिदै शाखागत सेवा प्रवाह र कार्यसम्पादनलाई गुणस्तरीय र नागरिकमैत्री बनाउन अझै सक्रिय रहने अपेक्षा गरिएको छ ।

अन्त्यमा, बुलेटिन प्रकाशनमा मार्ग दर्शन, सल्लाह र सुझाव एवं संरक्षण प्रदान गर्नुहुने नगर प्रमुख ज्यू, नगर उपप्रमुखज्यू, वडा अध्यक्षज्यूहरु लगायत सबै जनप्रतिनिधिहरु प्रति सम्पादक मण्डल हार्दिक आभार प्रकट गर्दछ । आगामी वुलेटिनहरु समयमै प्रकाशन गर्नका लागि र अझै परिमार्जित र परिष्कृत संस्करणका लागि सम्पादन मण्डल हार्दिक अनुरोधका साथ प्रतिबद्धता समेत जाहेर गर्दछ ।

# यस भित्र


| | |
|---|---|
| कार्यपालिका बैठक विवरण | ३ |
| शिक्षा, युवा तथा खेलकुदले गरेको महत्वपूर्ण कार्यहरु | ४ |
| स्वास्थ्य शाखाबाट सम्पादित कार्यहरु | ५ |
| पञ्जीकरण  शाखातर्फको प्रगति विवरण | १० |
| कर्मचारी प्रशासन  शाखाबाट भएका उल्लेख्य कार्यहरु | १५ |
| राजस्व  शाखातर्फको प्रगति विवरण | १६ |
| सामाजिक विकास शाखा तर्फको प्रगति विवरण | १७ |
| पुनर्निर्माण शाखातर्फको प्रगति विवरण | १८ |
| कृषि शाखा | १९ |
| भवन तथा वस्ती विकास शाखा | २३ |
| योजना शाखा | २४ |
| पूर्वाधार विकास शाखा | २५ |
| वातावरण तथा विपद व्यवस्थापन शाखा | २५ |
| पशु सेवा शाखा तर्फको प्रगति विवरण | २६ |
| कृषि शाखा तर्फको प्रगति विवरण | ३० |
| सहकारी शाखा | ३५ |

प्रथम चौमासिकमा महालक्ष्मी नगरपालिकाले समग्र रुपमा उल्लेखनीय प्रगतिहरु हासिल गरेको छ । नियमित रुपमा कार्यपालिका बैठकहरु बसी हरेक निर्णयहरु पारदर्शी सहभागितामूलक र बृहत छलफलबाट साझा सहमतिका आधारमा मात्र हुने गरेका छन् । शाखागत रुपमा वार्षिक कार्यान्वयन कार्ययोजना निर्माण गरी चौमासिक रुपमा प्रगति समीक्षा गर्ने गरिएको छ । कार्यान्वयनका क्रममा आइपर्ने जटिलता र समस्याहरुलाई समयमानै सम्बोधन गर्ने र शाखागत समन्वय सहकार्य र जवाफदेहितालाई उच्च प्राथमिकता दिइएको छ ।

# कार्यपालिका बैठक विवरण

आ.व. २०७६/०७७ को (श्रावण देखि कार्तिक) सम्म कार्यपालिकाको चारपटक बैठक बसी ३१ वटा निर्णयहरु र चारवटा कार्यविधिहरु स्वीकृत गरिएको थियो ।

| क्रस | मिति | निर्णय सङ्ख्या |
|---|---|---|
| १ | २०७६।४।१९ | १० |
| २ | २०७६।५।१२ | ११ |
| ३ | २०७६।५।२९ | ७ |
| ४ | २०७६।७।७ | ३ |

**कार्यपालिकाबाट स्वीकृत भएका कार्यविधिहरु**

- राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि
- बजार अनुगमन निर्देशिका, २०७६
- महालक्ष्मी नगरपालिका विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७६
- महालक्ष्मी नगरपालिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति कार्यविधि, २०७६

हाम्रो टोल, बस्तीको सफाईले
हाम्रो सभ्यताको परिचय दिन्छ ।

आफ्नो घर, टोल र सार्वजनिक
क्षेत्र सदैव सफा राखौं ।

**– महालक्ष्मी नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**



# शिक्षा, युवा तथा खेलकुद शाखाले गरेका महत्वपूर्ण कार्यहरु

**स्थानीय पाठ्यक्रम निर्माणः**

महालक्ष्मी नगरपालिकाले आगामी शैक्षिक २०७७ देखि लागू हुने गरी महालक्ष्मी नगरपालिका भित्रका सांस्कृतिक, भौगोलिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, व्यावसायिक सम्पदा ज्ञान तथा सीपहरु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण कार्यको प्रारम्भ गरेको छ । कक्षा एकदेखि आठ कक्षासम्म हरेक संस्थागत तथा सामुदायिक विद्यालयमा एकसाथ १०० पूर्णाङ्कको विषय अध्यापन गराउनको लागि सो पाठ्यक्रममा व्यवहारिक र उपयोगी विषयवस्तुहरु समावेश गर्नका लागि प्रत्येक वडाहरुमा राय सुझाव सङ्कलनको कार्य सुचारु भइरहेको छ । स्थानीय पाठ्यक्रम निर्माणका लागि मिति २०७६/०४/०२ गते नगर प्रमुख तथा नगरशिक्षा समिति अध्यक्ष श्री रामेश्वर श्रेष्ठको अध्यक्षतामा १७ सदस्यीय विज्ञ समूह गठन गरिएको छ भने मिति २०७६/०४/०५ गते प्रमुख शिक्षा अधिकृत रामवन्धु सुवेदीको संयोजकत्वमा ७ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरिएको छ । यस कार्य दलले ९ वटा विषयवस्तुको क्षेत्र तयार गरी सो विषयक्षेत्रमा आधारित भई प्रश्नावली निर्माण गरी राय सुझाव सङ्कलन गर्ने कार्य निम्न स्थान र मितिमा सम्पन्न गर्यो ।

| क्रसं | वडा नं | मिति | अध्यक्षता | उपस्थिति संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९ | २०७६/०५/०६ | वासुदेव शर्मा गौतम | ३५ | |
| २ | ८ | २०७६/०५/१८ | विश्वराज श्रेष्ठ | ३८ | |
| ३ | ६ | २०७६/०५/२० | वासुदेव महर्जन | ३७ | |
| ४ | १० | २०७६/०५/२६ | बलराम लामा | ७९ | |
| | | | | | |

साथै यस बीचमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले ५ वटा बैठक बसी विभिन्न निर्णयहरु गरेको ।

**विद्यालयमा प्रयोगात्मक परीक्षा तथा परियोजनामा आधारित शिक्षण सिकाइ निर्देशिका २०७६ तयार**

विद्यालय तहको शिक्षण सिकाइ पद्धतिलाई पूर्ण व्यवहारिक, रचनात्मक, विश्लेषणात्मक र प्रयोगात्मक ढङ्गले सञ्चालन गरी एक्काइसौं शताब्दीको विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्नका लागि अति जरुरी भएकाले सबै सामुदायिक र संस्थागत विद्यालयहरुले अनिवार्य रुपमा परियोजनामा आधारित शिक्षण सिकाइ सञ्चालन गर्नका लागि कक्षा १ देखि १० सम्मका सबै विषयहरुमा सम्भावित परियोजना कार्यहरु र मूल्याङ्कन विधि समेत समावेश गरेको निर्देशिका तयार गर्न मिति २०७६/०४/२२ र २३ गते जम्मा ३३ जनाको उपस्थिति रहेको उक्त कार्यशालालाई तहगत र विषयगत र कक्षागत समूह निर्माण गरी लेखन कार्यशालाको सञ्चालन गरिएको थियो । उक्त कार्यशालाबाट प्राप्त मस्यौदाहरुलाई सम्पादन गर्न मिति २०७६/०५/०४ गते प्रमुख शिक्षा अधिकृत श्री रामबन्धु सुवेदीको संयोजकत्वमा ८ सदस्यीय सम्पादक समिति निर्माण गरियो र विषयगत रुपमा कामको बाडफाँड गरी सम्पादन गरियो र अन्तिम रुप प्रदान गरियो ।

**मेयरसंग विद्यार्थी कार्यक्रम सञ्चालनः**

स्थानीय सरकारका निर्वाचित प्रमुखहरु र नगरपालिकाका विद्यार्थीहरुबीच आपसी विश्वास, अन्तर्क्रिया, र नगरपालिकालाई विद्यार्थीहरुको निष्पक्ष आँखाले देखेको सत्य तथ्यबाट पृष्ठपोषण प्राप्त गर्नका लागि मिति २०७६/०४/१० गते श्री सिद्धिमङ्गल माध्यमिक विद्यालयको हलमा मेयरसंग विद्यार्थी कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा नगर प्रमुख श्री रामेश्वर श्रेष्ठज्यूको विशेष उपस्थितिमा, यस नगरपालिकाभित्रका वडा अध्यज्यूहरु, नगर शिक्षा समितिका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानाध्यापकहरु, शिक्षाक प्रतिनिधिहरु र विद्यार्थीहरुको भव्य उपस्थितिमा विद्यार्थीहरुको प्रश्न, जिज्ञासाहरुलाई नगरप्रमुख ज्यूले सम्बोधन गरी कार्यक्रमलाई भव्य र सभ्य रुपमा सञ्चालन गरिएको थियो । कार्यक्रमको सञ्चालन रेडियो पर्यावरणका नवराज सञ्जेलले गर्नुभएको थियो । उक्त कार्यक्रममा जम्मा १०१ जनाको उपस्थिति रहेको थियो । सो कार्यक्रमबाट नगरपालिकालाई निकै महत्वपूर्ण सुझाव र सिकाइ प्राप्त भएको छ । सो कार्यक्रमको श्रव्य दृश्य युट्युव च्यानलमा समेत अपलोड गरिएको छ ।

**केही झलकः**





**महालक्ष्मी नगरपालिका शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति कार्यविधि, २०७६ तथा महालक्ष्मी नगरपालिका विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७६** नगर कार्यपालिकाबाट स्वीकृत भएको छ ।

### हिज्जे प्रतियोगिता सम्पन्नः

४० औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा आयोजित नगरस्तरीय अन्तर विद्यालय हिज्जे प्रतियोगिता (Spelling Contest) मिति २०७६/०५/ २३ र २४ गते सञ्चालन गरियो । दुई दिनसम्म सञ्चालित सो कार्यक्रममा सहभागी भएका ३०विद्यालयहरुमध्ये निम्न बमोजिमको नतिजा प्राप्त भएको थियो :

**नतिजा**

**प्रथमः** मेघना साउद, नेपाल डन बस्को मा.वि. ।

**द्वितीयः** ज्योती राना मगर, भ्याली पब्लिक स्कुल ।

**तृतीयः** सुपुजा भट्टराई, युनाइटेड स्कुल ।

**सान्त्वनाः** रचना श्रेष्ठ, महालक्ष्मी मा.वि. ।

**सान्त्वनाः** सम्यक ताम्राकार, युनाइटेड स्कुल ।



**नगर प्रमुख श्री रामेश्वर श्रेष्ठलेज्यूले पुरस्कार वितरण गर्नुहुँदै**

शिक्षाको विकासमा महालक्ष्मी नगरपालिका दत्तचित्त रहँदै आएको नगरपालिकालाई उत्कृष्ट शैक्षिक हबका रुपमा विकास गर्न यस प्रकारका क्रियाकलापहरु कोशे ढुङ्गाका रुपमा रहने विचार व्यक्त गर्नुभएको थियो ।

### लोक नृत्य प्रतियोगिता तयारी तथा सञ्चालन

महालक्ष्मी नगरपालिकास्तरीय माध्यमिक तह लोक नृत्य प्रतियोगिता सञ्चालनका लागि मिति २०७६/०७/०६ गते ८ नं. वडाका वडा अध्यक्ष श्री विश्वराज श्रेष्ठको अध्यक्षतामा बैठक बसी अनुमानित बजेट तयार गरी कार्यपालिकाबाट स्वीकृत गरियो । उक्त कार्यक्रम सञ्चालनका लागि नियम, मूल्याङ्कन फाराम सहितको पत्राचार विद्यालयहरुलाई गरिएको ।

### विद्यालय सुरक्षण धरौटी नराख्ने विद्यालयहरुलाई ताकेताः

यस नगरपालिकाभित्रका केही संस्थागत विद्यालयहरुले विद्यालयले राख्नुपर्ने धरौटी रकम राख्न आनाकानी गर्ने विद्यालयहरुलाई पटक पटक पत्राचार, मेल तथा टेलिफोन सम्पर्क गरी ताकेता गरिएको ।

### संस्थागत विद्यालयहरुको नवीकरण र प्रमाणपत्र प्रदानः

आवश्यक सबै कागजात पेश गर्ने विद्यालयहरुलाई आवश्यक नवीकरण दस्तुर लिई अद्यावधिक प्रमाणपत्र प्रदान गरिएको ।

### शिक्षकहरुको मासिक तलव भत्ता भुक्तानीः

शिक्षकहरुको मासिक तलव भत्ता समयभित्रै हरेक महिना भुक्तानी गर्ने प्रबन्ध गरिएको छ । जसका लागि हरेक महिनाको २० गतेभित्र अघिल्लो महिनाको खर्च, फाँटवारी र माग फाराम एकसाथ पेश गर्नुपर्ने र २८ गते भित्र विद्यालयको खातामा तलब निकासा गरिने र ३० गतेभित्र विद्यालयले हरेक शिक्षकहरुको खातामा निकासा दिनुपर्ने पद्धति संस्थागत भएको छ ।

# स्वास्थ्य शाखाबाट सम्पादित कार्यहरू

**महालक्ष्मी नगरपालिका**

**स्वास्थ्य शाखा ललितपुर**

**आ.व. २०७६/०७७ को प्रथम चौमासिक**

**प्रगती बिवरण**

| सि.नं | क्रियाकलाप |
|---|---|
| १. | मातृ तथा नवशिशु कार्यक्रमका लागी व्यक्ति करार (अ.न.मी.) वर्थिङ्ग सेन्टर लुभू |
| २. | २०७६ श्रावण महिनामा नगर प्रमुखको अध्यक्षतामा नगरपालिकाभित्र रहेका स्वास्थ्य सस्थाहरुका प्रमुख तथा सबै कर्मचारीहरुको उपस्थितिमा बैठक बसी छलफल गरियो । |
| ३. | २०७६ भाद्र १२ र १३ गते यस न.पा. अर्न्तगत स्वास्थ्य संस्थाहरुको आ.व. ०७५ /०७६ को वार्षिक प्रगति प्रतिवेदनको समिक्षा गरेको । |
| ४. | २०७६भाद्र १८ गते न.पा.अर्न्तगत स्वास्थ्य संस्थाहरुमा सन्चालित क्षयरोगको तेश्रो चौमासिक तथा वार्षिक समीक्षा गोष्ठी |
| ५. | निशुल्क औषधि तथा स्वास्थ्य कार्यक्रमका लागि औजार उपकरण खरिदका लागि टेण्डर गरिएको |
| ६. | राष्ट्रिय भिटामीन ए कार्यक्रम, जुकाको औषधि कार्तिक २, ३,४ र ५ गते वालभिटा वितरण |
| ७. | आमा सुरक्षा कार्यक्रम सन्चालन, लुभु प्रा.स्वा.के. र किष्ट अस्पतालमा |
| ८. | गत बर्ष झै यस बर्षमा पनि ४५ म जना .स्वा.स्व.सेविकाहरुलाई तिहार खर्च (चाडवाड खर्च) वापत रु. १०,०००।- का दरले ४,५०,०००। वितरण |
| ९. | हरेक महिनाको ८ गते सबै स्वास्थ्य संस्थाहरुसँग नियमित मासिक बैठक बस्ने गरेको । |
| १०. | नियमित खोप कार्यक्रमको अनुगमन |
| ११. | वडा पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा इमाडोल १ २ ३ र ४ नं.वडा |
| १२. | कार्तिक २४ गते स्वास्थ्य कार्यालय ललितपुरको आयोजनामा एच.आइ.भि एड्स सम्बन्धमा सरोकारवाला निकायसँग अन्तर्क्रिया कार्यक्रम |
| १३. | अल्का अस्पतालमा ०७६।०८।०८ गते राष्ट्रिय क्षयरोग सम्बन्धी १ दिने ओरिन्टेसन |
| १४. | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्वास्थ्य सूचना सञ्चार स्वास्थ्य शाखा अर्न्तगतका म.स्वा.स्व. सेविकालाई स्वास्थ्य सूचना सञ्चारसामान उपलव्ध गराइएको |
| १५. | प्रत्येक महिना स्वास्थ्य कार्यक्रम अनुगमन गर्ने अग्रिम फिल्ड कार्य तालिका स्वीकृत गरी अनुगमन भैराखेको |
| १६. | आवश्यक क्षेत्र हेरी गाउँघर क्लिनिक र खोप केन्द्र थपघट गर्ने बारे स्वास्थ्य संस्थाहरुमा छलफल गरिएको । |

**महालक्ष्मी नगरपालिका, ललितपुर**

Dengue **रोग सम्बन्धी जनचेतना कार्यक्रम**

| मिति | वडा नं | कार्यक्रम | समय | कैफियत |
|---|---|---|---|---|
| ०७६/५/२० | ६ | ओरियनटेसन, विद्यालयमा डेंगु जनचेतना, सरसफाइमा खोज र नष्ट गर अभियान, घरदैलो, माईकिङ्ग तथा ऱ्याली कार्यक्रम | विहान ७.३० बजे देखि | |

| | | | | |
|---|---|---|---|---|
| ०७६/५/२२ | १,३,४ | ओरियनटेसन, विद्यालयमा डेंगु जनचेतना,सरसफाईमा खोज र नष्ट गर अभियान, घरदैलो, माईकिङ्ग तथा ¬याली कार्यक्रम | विहान १०.३० बजेदेखि | |
| ०७६/५/२४ | ७ | ओरियनटेसन, विद्यालयमा डेंगु जनचेतना, सरसफाईमा खोज र नष्ट गर अभियान, घरदैलो, माईकिङ्ग तथा ¬याली कार्यक्रम | विहान ८ बजे देखि | |
| ०७६/५/२८ | २ | ओरियनटेसन, विद्यालयमा डेंगु जनचेतना, सरसफाईमा खोज र नष्ट गर अभियान, घरदैलो, माईकिङ्ग तथा ¬याली कार्यक्रम | विहान ८ बजे देखि | |
| ०७६/५/२९ | ८ | ओरियनटेसन, विद्यालयमा डेंगु जनचेतना,सरसफाईमा खोज र नष्ट गर अभियान, घरदैलो, माईकिङ्ग तथा ¬याली कार्यक्रम | विहान ७.३० बजे देखि | |
| ०७६/५/३० | ९ | ओरियनटेसन, विद्यालयमा डेंगु जनचेतना,सरसफाईमा खोज र नष्ट गर अभियान, घरदैलो, माईकिङ्ग तथा ¬याली कार्यक्रम | विहान ७ बजे देखि | |
| ०७६/६/ ०१ | १० | ओरियनटेसन, विद्यालयमा डेंगु जनचेतना, सरसफाईमा खोज र नष्ट गर अभियान, घरदैलो, माईकिङ्ग तथा ¬याली कार्यक्रम | विहान ११.००बजे देखि | |
| ०७६/०६/०२ | ५ | ओरियनटेसन, विद्यालयमा डेंगु जनचेतना,सरसफाईमा खोज र नष्ट गर अभियान, घरदैलो, माईकिङ्ग तथा ¬याली कार्यक्रम | विहान ७.३० बजे देखि | |

| सि.नं | क्रियाकलाप | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता गरिएको बालबालिकाको सङ्ख्या | भिटामीन ‘ए’ क्याप्सुल खुवाएको सङ्ख्या | | | जुकाको औषधि खुवाएको सङ्ख्या | | | बालभिटा वितरण गरेका | प्रेषण गरेको |
| | | ६ महिना दखी १ वर्ष सम्म | १ वर्ष देखि ५ वर्षसम्म | जम्मा | १ वर्ष देखि २ वर्ष सम्म | २ वर्ष देखि ५ वर्ष सम्म | जम्मा | | |
| | ७७४३ | ७९१ | ६६८१ | ७४७२ | १३९६ | ५५५२ | ६९४८ | ३२१२ | |

# अपाङ्गता भएका व्यक्त्रिहरुप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं ।

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ललितपुर, बागमती प्रदेश, नेपाल**

## राष्ट्रिय भिटामिन, बालभिटा तथा Nutrition कार्यक्रम








## खोप कार्यक्रम





## ४५ जना म.स्वा.स्व.से.हरुलाई नगर प्रमुख ज्यूबाट तिहारको चाडबाड खर्च बितरण रु. १०,०००।– का दरले जम्मा रु. ४५०,०००।–









सवारी साधन चलाउँदा र बाटो काट्दा नियमहरु पालना गरौं, आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ललितपुर, बागमती प्रदेश, नेपाल

# पञ्जीकरण शाखातर्फको प्रगति विवरण

**प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम लाभग्राहीहरुको खातामा समयमा नै जम्मा गरिएको:**

पञ्जीकरण शाखाले आर्थिक वर्ष २०७६।७७ को प्रथम चौमासिकको लागि महालक्ष्मी नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको अनलाइन सफ्टवेयरमा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको नाम इन्ट्री गरेको आधारमा देहाय बमोजिमले निज लाभग्राहीहरुको खातामा रकम जम्मा गर्न पठाएको छ ।

**वडा नं.: १**

| क स | भत्ताको किसिम | सङ्ख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | ६० | ४,८०,००० | ३०,००० | ५,१०,००० | |
| २ | एकल महिला भत्ता | २ | १६,००० | १००० | १७,००० | |
| ३ | ज्येष्ठ नागरिक भत्ता | ८९ | ७०६,००० | ४४,५०० | ७,५०,५०० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | ७ | ५६,००० | ३५,०० | ५९,५०० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | ३ | ३६,००० | १५०० | ३७५०० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | ८ | १२,८०० | ४००० | १६,८०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | ९ | ५७,६०० | ४५०० | ६२,१०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | ९८ | ३,८९,००० | - | ३८९,००० | |
| | **जम्मा** | १७८ | १७,५३,४०० | ८९,००० | १८,४२,४०० | |

**वडा नं.: २**

| क स | भत्ताको किसिम | सङ्ख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | ५२ | ४१०,००० | २६,००० | ४,३६,००० | |
| २ | एकल महिला भत्ता | - | - | - | - | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | ५८ | ४,५८,००० | २९,००० | ४,८७,००० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | १ | ८००० | ५०० | ८५०० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | ४ | ४८,००० | २००० | ५०००० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | २ | ३२०० | १००० | ४२,०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | २ | १२,८०० | १००० | १३,८०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | ७१ | २८१,००० | - | २,८१,००० | |
| | **जम्मा** | ११९ | १२,२१,००० | ५९,५०० | १२,८०,५०० | |

**वडा नं.: ३**

| क्र.सं. | भत्ताको किसिम | सङ्ख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | ८९ | ७,१२००० | ४४,५०० | ७,५६,५०० | |
| २ | एकल महिला भत्ता | ४ | ३२,००० | २००० | ३४,००० | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | १०३ | ८,२४,००० | ५१,५०० | ८७५,५०० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | ४ | ३२,००० | २००० | ३४००० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | ७ | ८४,००० | ३५०० | ८७५०० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | २ | ३२०० | १००० | ४२०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | ५ | ३२,००० | २५०० | ३४५०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | १३१ | ५,२४,००० | - | ५,२४,००० | |
| | **जम्मा** | **२१४** | **२२,४३,२००** | **१,०७,०००** | **२३,५०,२००** | |

**वडा नं.: ४**

| क्र.सं. | भत्ताको किसिम | संख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | १६९ | १३,५२,००० | ८४,५०० | १४,३६,५०० | |
| २ | एकल महिला भत्ता | ३ | २४००० | १५०० | २५५०० | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | १६१ | १२,७८,००० | ८०,५०० | १३,५८,५०० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | ८ | ६४००० | ४००० | ६८,००० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | ५ | ६०,००० | २५०० | ६२,५०० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | ६ | ९२०० | ३००० | १२,२०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | १४ | ८९६०० | ७००० | ९६,६०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | १८२ | ७२३,००० | - | ७,२३,००० | |
| | **जम्मा** | **३६६** | **३५,९९,८००** | **१८३,०००** | **३७,८२,८००** | |

**वडा नं.: ५**

| क्र.सं. | भत्ताको किसिम | संख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | १०२ | ८,१६,००० | ५१००० | ८,६७,००० | |
| २ | एकल महिला भत्ता | १ | ८००० | ५०० | ८५०० | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | १२३ | ९,८४,००० | ६१५०० | १०,४५,५०० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | २० | १६०,००० | १०००० | १७०,००० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | ५ | ६०,००० | २५०० | ६२,५०० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | २० | २७,२०० | १०००० | ३७,२०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | ६ | ३८,४०० | ३००० | ४१४०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | १४३ | ५,७२,००० | - | ५७२,००० | |
| | **जम्मा** | **२७७** | **२६,६५,६००** | **१३८,५००** | **२८,०४,१००** | |

**वडा नं.: ६**

| क्र.सं. | भत्ताको किसिम | संख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | २१५ | १७,२०,००० | १०७,५०० | १८,२७,५०० | |
| २ | एकल महिला भत्ता | १ | ८००० | ५०० | ८५०० | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | ४३० | ३४,४०,००० | २,१५,००० | ३६,५५००० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | ४ | ३२००० | २००० | ३४,००० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | ६ | ७२००० | ३००० | ७५,००० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | २ | ३२०० | १००० | ४२०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | १५ | ९६००० | ७५०० | १०३,५०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | ४७८ | १९,१२,००० | - | १९,१२,००० | |
| | **जम्मा** | **६७३** | **७२,८३२००** | **३,३६,५००** | **७६,१९,७००** | |

**वडा नं.: ७**

| क्र स | भत्ताको किसिम | संख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | ८५ | ६,८०,००० | ४२,५०० | ७२२,५०० | |
| २ | एकल महिला भत्ता | १ | ८००० | ५०० | ८५०० | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | ९४ | ७,५२,००० | ४७,००० | ७९९,००० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | १ | ८००० | ५०० | ८५०० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | ८ | ९६,००० | ४००० | १००,००० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | - | - | - | - | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | ५ | ३२,००० | २५०० | ३४५०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | १०१ | ४,०४,००० | - | ४,०४,००० | |
| | **जम्मा** | **१९४** | **१९,८०,०००** | **९७,०००** | **२१,२७,५००** | |

**वडा नं.: ८**

| क्र स | भत्ताको किसिम | संख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | ४३६ | ३४,८२,००० | २,१८,००० | ३७,००,००० | |
| २ | एकल महिला भत्ता | ४ | ३२,००० | २००० | ३४००० | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | ३०४ | २४,३२,००० | १५२,००० | २५,८४,००० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | १३ | १०४,००० | ६५०० | ११०,५०० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | १५ | १८०,००० | ७५०० | १८७,५०० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | ११ | १७,६०० | ५५०० | २३१०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | २३ | १,४७,२०० | ११५०० | १५८,७०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | ४४६ | १७,८१,००० | - | १७,८१,००० | |
| | **जम्मा** | **८०६** | **८१,७५,८००** | **४०३,०००** | **८५,७८,८००** | |

**वडा नं.: ९**

| क्र स | भत्ताको किसिम | संख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | २५३ | २०,२४,००० | १२६,५०० | २१,५०,५०० | |
| २ | एकल महिला भत्ता | १ | ८००० | ५०० | ८५०० | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | १८९ | १५,१२,००० | ९४,५०० | १६,०६,५०० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | १७ | १,३६,००० | ८५०० | १४४,५०० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | १४ | १६८,००० | ७००० | १७५,००० | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | १९ | ३०,४०० | ९५०० | ३९९०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | २२ | १४०,८०० | ११००० | १५१,८०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | २७२ | १०,८८,००० | - | १०,८८,००० | |
| | **जम्मा** | **५१५** | **५१,०७,२००** | **२५७,५००** | **५३,६४,७००** | |

**वडा नं.: १०**

| क्र स | भत्ताको किसिम | संख्या | केन्द्रीय रकम रु | न पा बाट थप रु | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | ६७ | ५,३६,००० | ३३५०० | ५,६९,५०० | |
| २ | एकल महिला भत्ता | - | - | - | - | |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | ३२ | २,५६,००० | १६००० | २,७२,००० | |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | १ | ८००० | ५०० | ८५०० | |
| ५ | पूर्ण अपाङ्ग भत्ता | - | - | - | - | |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | १ | १६०० | ५०० | २१०० | |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | ३ | १९,२०० | १५०० | २०,७०० | |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | ४४ | १,७६,००० | - | १७६,००० | |
| | **जम्मा** | **१०४** | **९,९६,८००** | **५२०००** | **१०,४८,८००** | |

**सिद्धार्थ बैंक (वडा नं. १ देखि ४ सम्म)** **सनराइज बैंक (वडा नं. ५ देखि १० सम्म)**

| क्र स | विवरण | जम्मा रकम रु | क्र स | विवरण | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| १ | केन्द्रीय रकम रु | ८८,१७,४०० | १ | केन्द्रीय रकम रु | २,६१,०८,६०० |
| २ | नगरपालिकाबाट थप रकम रु | ४३८,५०० | २ | नगरपालिकाबाट थप रकम रु | १२,८४,५०० |
| | जम्मा | ९२,५५,९०० | | जम्मा | २,७३,९३,१०० |
| प्रथम चौमासिकको लागि जम्मा | = जम्मा केन्द्रीय रकम +जम्मा नगरपालिका रकम. = ३,४९,२६,००० + १७,२३,०००<br>= ३,६६,४९,००० (तीन करोड छैसठ्ठी लाख उनन्पचास हजार मात्र) | | | | |

# कर्मचारी प्रशासन शाखा तर्फको प्रगति विवरण

### ▶ कर्मचारीहरुका लागि सकारात्मक चिन्तनसम्बन्धी एक दिने कार्यशाला सम्पन्न ।

महालक्ष्मी नगरपालिकाद्वारा आयोजित सकारात्मक चिन्तन सम्बन्धी एक दिवसीय कार्यशाला कार्तिक ८ गते सम्पन्न भयो । प्रख्यात गुरु डा.चिन्तामणि योगीद्वारा सञ्चालित कार्यक्रमले नगरपालिकाका कर्मचारीहरु तथा वडा सचिवहरुलाई कार्यस्थलमा आइपर्ने नैतिकता संवेगात्मक बौद्धिकता, निर्णय पद्धति, स्वव्यवस्थापन तथा सकारात्मक चिन्तनको विकास गर्ने विधि सम्बन्धमा मन छुने प्रस्तुतीकरण गर्नुभयो । समायोजनको क्रममा विगतको केन्द्रीकृत शासकीयपद्धतिअन्तर्गत अभ्यस्त कर्मचारीहरुलाई परिवर्तित सन्दर्भमा आफ्ना सोच अपेक्षा भूमिका र जिम्मेवारीहरुलाई सोही अनुरुप परिवर्तन गरी प्रभावकारी सेवामा लाग्न सबैमा उत्साह र उत्प्रेरणा जगाउन सो कार्यक्रम पूर्ण सफल भएको छ ।






### ▶ सेवा प्रवाह प्रभावकारी बनाउनका लागि बैठकहरु आयोजना गरिएको

नगरपालिकाको संस्थागत सुशासन प्रवर्धन गर्ने क्रममा शाखा प्रमुखहरुसँगको बैठक-४ पटक वडा सचिवहरुसँगको बैठक-४ पटक र कर्मचारी बैठक-२ पटक र नगपालिका र वडाका इन्जिनियरहरुसंग बैठक १ पटकआयोजना गरी आइपरेका समस्या समाधान र सुशासन कायम गर्ने विभिन्न निर्णयहरु गरिएको थियो ।

### ▶ डिजिटल हाजिरी व्यवस्थापन

कर्मचारी समयपालना र प्रभावकारी सेवा प्रवाहका लागि व्यवस्था गरिएको डिजिटल हाजिरीलाईप्रभावकारी बनाई कर्मचारीहरुको कामको अनुगमन गरिएको ।

# राजस्व शाखातर्फको प्रगति विवरण

- **सहजकर्ता नियुक्ति सम्बन्धी निर्देशिका मस्यौदा समितिमा पेश भई छलफलको क्रममा रहेको:**

राजश्व सङ्कलनलाई प्रभावकारी बनाउन स्थलगतरुपमा खटिई बहालकर तथा व्यवसाय दर्ता, नवीकरण लगायत कर सङ्कलनका लागि सहजकर्ता नियुक्ति सम्बन्धी निर्देशिका मस्यौदा समितिमा पेश भई छलफलको क्रममा रहेको छ ।

- **कर सचेतना कार्यक्रम सञ्चालन गरिएको:**

नगरपालिका क्षेत्र भित्रका करदाताहरुलाई करप्रति जनचेतना अभिवृद्धिकालागि **"समयमै कर तिरौँ जरिवानाबाट बचौं, स्वच्छ सफा समृद्ध सुन्दर महालक्ष्मी नगर हामी सबैको रहर, कर तिरौं सभ्य नागरिकको परिचय दिऔं र सुविधा खोज्ने हाम्रो अधिकार हो भने कर तिर्नु हाम्रो दायित्व हो, कर तिरौं सभ्य नागरिकको परिचय दिऔं"** भन्ने व्यहोराको फ्लेक्स बोर्ड बनाई २०७६ कार्तिक ०२ र ०३ गते सबै वडा कार्यालय र न. पा. को कार्यालय परिसरमा टाँसिएको ।

- **सूचना र जानकारी प्रसारण**

नगरपालिका क्षेत्र भित्रका करदाताहरुलाई करप्रति जनचेतना अभिवृद्धिकालागि मिति २०७६ कार्तिक ०२ र ०३ गते बहालकर तथा व्यवसाय दर्ता, नवीकरण लगायत कर सङ्कलनका लागि यस महालक्ष्मी नगरपालिका क्षेत्र भित्र माइकिङ्ग गरिएको साथै न.पा.को वेवसाइटमा समेत राखिएको ।

- **राजस्व सङ्कलन**

कम्प्यूटर अभिलेख अनुसार चालु आ. व. को श्रावण, भाद्र, असोज र कार्तिक ४ (चार) महिनामा तपसिल अनुसार जम्मा रु. ३८८२४४८१.७४ (अक्षरेपि रु. तीन करोड अठासी लाख चौबीस हजार चार सय एकासी पैसा चौहत्तर मात्र) राजश्व सङ्कलन भएको ।

**तपसिल**

| | |
|---|---|
| महालक्ष्मी न.पा. सङ्कलन केन्द्र | रु. ११७०३४५३.१२ (अक्षरेपि रु. एक करोड सत्र लाख तीन हजार चार सय त्रिपन्न रुपैया बाह्र पैसा मात्र) |
| वडा नं. १ सङ्कलन केन्द्र | रु. ४७०९९०१.१२ |
| वडा नं. २ सङ्कलन केन्द्र | रु. १९९७६३५/- |
| वडा नं. ३ सङ्कलन केन्द्र | रु. २२२८०१८/- |
| वडा नं. ४ सङ्कलन केन्द्र | रु. ५०६५५३२/- |
| वडा नं. ५ सङ्कलन केन्द्र | रु. २६१३४१५/- |
| वडा नं. ६ सङ्कलन केन्द्र | रु. २१९४२३६/- |
| वडा नं. ७ सङ्कलन केन्द्र | रु. ११३३१०६/- |
| वडा नं. ८ सङ्कलन केन्द्र | रु. ३९७६१५९.५ |
| वडा नं. ९ सङ्कलन केन्द्र | रु. २८५१८४४/- |
| वडा नं. १० सङ्कलन केन्द्र | रु. ३५१११८२/- |

सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ,
त्यसको दुरुपयोग दण्डनीय अपराध हो ।

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ललितपुर, बागमती प्रदेश, नेपाल**

# सामाजिक विकास शाखा तर्फको प्रगति विवरण

| क्र.सं. | कार्यक्रमको नाम | लाभान्वीत सङ्ख्या | | | मिति | कार्यक्रम सञ्चालन स्थान | लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | |
| १ | बाल दिवस २०७६को अवसरमा बाल अधिकार र बालमैत्री स्थानीय शासनको अवधारण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ३१ | ४९ | ८० | २०७६/०५/२९ | वडा नं १ को वडा कार्यालयको सभाहल | | |
| २ | अपाङ्गता परिचयपत्र वितरण कार्यक्रम शुभारम्भ कार्यक्रम | १५ | ३० | ४५ | २०७६/०६/१५ | श्री महेन्द्र आदर्श मा.वि. | | क वर्ग- १ पु<br>ख वर्ग-६<br>ग वर्ग-१<br>घ वर्ग-१<br>जम्मा-९ |
| ३. | अपाङ्गता परिचय पत्र वितरण कार्यक्रम | ७<br>रातो १<br>निलो ६ | १०<br>रातो २<br>निलो ४<br>पहेलो ३<br>सेतो १ | | | | | जम्मा<br>१७ |
| ३ | अपाङ्गता सिफारिस समितिको बैठक | २४ | २५ | ३५ | ४/२७, ५/९, ६/८, ७/२५ | न.पा.कार्यालय | | ४ पटक |
| ४ | गै.स.स.आबद्धता- २३ | | | | | | | आम्दानी ६९ हजार |
| ५ | गै.स.स.नवीकरण -३६ | | | | | | | आम्दानी ९० हजार |
| ६. | विभिन्न कार्यालयमा चलानी गरिएको पत्र सङ्ख्या | | | | | | | -५९ |
| ७. | शाखामा प्राप्त पत्र सङ्ख्या | | | | | | | - १५ |
| ८. | योजना सम्झौता सङ्ख्या | | | | | | | १० |
| ९. | वडा कार्यालयबाट वितरण गरिएको जेष्ठ नागरिक परिचयपत्र वितरण सङ्ख्या | १८ | २३ | ४१ | | | | |

**आ. व २०७६/०७७ को श्रावण देखि असोज सम्मको न्यायिक समितिको प्रगति विवरण**

| मुद्दाको किसिम | सङ्ख्या | फछ्यौट सङ्ख्या | बाँकी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| घरजग्गा | ४ | ३ | १ | |
| बाटो, सार्वजनिक सरोकार | २ | १ | २ | |
| अन्य | २ | ० | २ | |
| जम्मा | ९ | ४ | ५ | |

# पुनर्निर्माण शाखातर्फको प्रगति विवरण

**जम्मा लाभग्राहीः ३६६२**

पहिलो किस्ता प्राप्त गर्ने लाभग्राहीः ३१०७

दोस्रो किस्ताको लागि सिफारिस संख्याः १०३८

दोस्रो किस्ता प्राप्त गर्ने जम्मा लाभग्राहीः ९७०

तेस्रो किस्ताको लागि सिफारिस संख्याः ९३१

तेस्रो किस्ताको प्राप्त गर्ने जम्मा लाभग्राहीः ८३८

**२०७६ श्रावण देखि कार्त्तिक मसान्तसम्मका कार्यहरु**

दोस्रो किस्ताको लागि निरीक्षण संख्याः ४५

दोस्रो किस्ताको लागि सिफारिस संख्याः ४५

तेस्रो किस्ताको लागि निरीक्षण संख्याः ४४

तेस्रो किस्ताको लागि सिफारिस संख्याः ४४

राजश्व छुटको लागि सिफारिस गरेको जम्मा लाभग्राही संख्याः २०

पहिलो किस्ता लिएर दोस्रो किस्ता नलिने लाभग्राहीहरुको विवरण सङ्कलन संख्याः ४८१

प्राविधिक आउनु पूर्व बनेका घरहरुको संख्याः ३३२

दोस्रो किस्ताको लागि सिफारिस गरिएको लाभग्राहीको पहिलो निरीक्षणको विवरण Digitized संख्याः ९९०

तेस्रो किस्ताको लागि सिफारिस गरिएको लाभग्राहीको दोस्रो निरीक्षणको विवरण Digitized संख्याः ८९३

निर्माण सम्पन्नको लागि सिफारिस गरिएको लाभग्राहीको अन्तिम निरीक्षणको विवरण Digitized संख्याः ७१०

**वडा नं १० मा पहिलो किस्ता लिएका तर दोस्रो नलिएका लाभग्राहीहरुको विवरण सङ्कलन गर्दाको कार्यक्रमका तस्वीरहरु**





घरेलु हिंसा अपराधको जघन्य प्रकार
सबै मिली गरौं यसको प्रतिकार

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश, नेपाल

# कृषि शाखातर्फको प्रगति विवरण

- **माटो परीक्षण तथा सुधारका लागि कृषि चुन वितरण कार्यक्रमः**

यस आ.ब. को प्रथम चौमासिक कार्यअवधिमा सशर्त बजेट शिर्षक अन्तर्गतको यस कार्यक्रमबाट कृषकहरु लाई माटोको नमुना सङ्कलन बारे जानकारी गराई महालक्ष्मी नगरपालिका भित्रका विभिन्न वडा बाट सङ्कलित माटोको १२० नमुनाको परीक्षण गरी माटोको पि.एच, माटोको बनावट, माटोमा रहेको नाईट्रोजन, फस्फोरस र पोटासको मात्रा हेरी कृषकहरुलाई कृषि चुन, नाईट्रोजन, फस्फोरस र पोटास प्रयोगको सिफारिस मात्रा बालीअनुसार सहितको नतिजा दिने कार्य गरिएको थियो । जसमा अधिकांश माटोमा अम्लीयपना बढेको तथा फस्फोरस र पोटासको मात्रा न्यून रहेको पाइएको थियो । यसै नतिजा अनुसार सहभागी ४५ जना कृषकहरुको लागि महालक्ष्मी नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष बासुदेव शर्मा गौतम ज्यूको उपस्थितिमा कृषि चुन निशुल्क वितरण गरियो ।जसमा कार्यक्रम सञ्चालन ब्यानर खरिद, खाजा रिएजेन्ट खरिद, सहजकर्ता भत्तार कृषि चुन खरिद तथा ढुवानी समेत गरेर जम्मा रु २०००००/- (अक्षरेपी रु. दुई लाख मात्र) रकम खर्च गरिएको थियो । जसबाट आगामी सिजनमा माटोको गुणस्तर सुधार भई कृषकहरुको तरकारी बाली स्वास्थ्य तथा उत्पादनमा १०-१५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । जसले आगामी दिनहरुमा कृषकहरुलाई कृषि पेशामा लाग्न हौसला प्रदान गर्ने छ ।

- **५0 प्रतिशत मूल्य अनुदानमा तरकारी हाईब्रिड बीउ तथा बजारीकरण सामग्री वितरणः**

यस आ.ब.को प्रथम चौमासिक अवधिमा सञ्चालन हुने कार्यक्रमहरुबारे सबै वडा कार्यालयहरुमा सूचना प्रवाह गरी कृषकहरुको माग सङ्कलन गरी एक बिशेष कार्यक्रमको आयोजना गरी महालक्ष्मी नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष विश्वराज श्रेष्ठ र वडा नम्बर ९ का वडा अध्यक्ष बासुदेव शर्मा गौतम ज्यूको उपस्थितिमा तरकारी सिडकिट नगरपालिका भित्रका १८१ जना कृषकहरुलाई निशुल्क तरकारीको कम्पोजिट प्याकेट वितरण गर्ने कार्य गरियो साथै ५० प्रतिशत मूल्य अनुदानमा काउली अन्ना ९०-७६ प्याकेट, काउली स्नोमेष्टिक ११८ प्याकेट, प्याज रेडक्रिवल ७ के.जी., मटरकोसा ६७ के.जी. र सृजना गोलभेडाको बिउ ५० प्याकेट ४५ जना कृषकहरुलाई वितरण गरियो ।यसै गरी ५० प्रतिशत मूल्य अनुदानमा ११ जना कृषकहरुको लागि बजारिकरण सामग्री डिजिटल तराजु १०० के. जी. क्षमताको ११ थान वितरण गरियो ।तरकारीको बिउविजन तथा बजारीकरण सामग्रीमा एकमुष्ठ जम्मा रकम रु २०००००/- (अक्षरेपि रु दुई लाख मात्र) खर्च गरिएको थियो भने बांकी ५० प्रतिशत रकम कृषकहरुबाट सङ्कलन गरिएको थियो । जसबाट तत्काल कृषकहरुलाई बजारीकरणमा सहज भएको तथा अनुदान प्राप्त कृषकहरुको उत्पादन लागतमा ५० प्रतिशत कमी भई थप रोजगारी श्रृजना भएको पाइन्छ ।

- **भकारो सुधार कार्यक्रमः**

